**पुस्तक:** वात्स्यायन एण्ड हिज बार्ब्सः अ कार्टुनिस्टस् टेक अन पोस्ट नाइन्टीन नाइन्टी नेपाल
**सङ्कलक:** अजित बराल
**प्रकाशक:** फाइन प्रिन्ट
**पृष्ठ:** १४८
**प्रकाशन मिति:** सन् २००६
**ISBN:** 999-962-0-3




वात्स्यायन, उनका कार्टुनहरू बितेका चार दशकदेखि नेपाली समाजको तीखो अभिव्यक्तिका रूपमा सर्वपरिचित छन् । उनले पेश गर्दै आएको नेपाली समाजका तस्बिरहरूमध्ये पनि २०४६ सालपछिको नेपाललाई समेटेर उनका सुपुत्र एवं उनको कार्टुन कलाका प्रशंसक अजित बरालले नयाँ सङ्कलन तयार गरेका छन् । जसको नाम राखिएको छ– *वात्स्यायन एण्ड हिज बार्ब्स* ।

दुई मत छैन, वात्स्यायनका कार्टुनहरू केवल हास्यका निम्ति कोरिएका रेखाचित्रहरू होइनन् । उनका कार्टुनमा आम नेपालीको अनुभव र अनुभूति समेटिएको हुन्छ ।

मार्शल मक्लुहानले कार्टुनलाई तस्बिरसँग तुलना गरेर चिसो माध्यम भनेका छन् । तस्बिरका तुलनामा कार्टुनबाट कम परिमाणमा सादृश्य सूचना प्रस्तुत गर्न सकिन्छ । त्यही कारण उनले कार्टुनलाई त्यसो भनेका हुन् । उनी चिसो माध्यममा उपभोक्ताले खाली ठाउँ भर्ने अवसर पाउने बताउँछन् (मक्लुहान सन् १९९४: २२) । केही उल्लेख्य वस्तुहरूलाई वात्स्यायन साँच्चै यसरी अङ्कित गर्दछन् कि पाठक त्यसैमा आनन्दित हुन्छन् । उनी केही सीमित तर अत्यन्त कुशलपूर्वक छानिएका वस्तु र सफासँग प्रस्तुत गरिएको समग्र रेखाचित्रका आधारमा अर्थ सम्प्रेषण गर्दछन् । हरेक नेपाली उनको कार्टुनमा उत्सुकतापूर्वक, रुचिपूर्वक खाली ठाउँ भर्न अग्रसर हुन्छन् र सम्पूर्णतः सहभागिता जनाउँछन् ।

प्रस्तुत पुस्तकको आवरण पृष्ठले २०४६ सालपछिको नेपालको पछिल्लो अवधिको राम्रोसँग चित्रण गरेको छ । मानवलाई झुण्डयाइएको छ र सैन्य बलका आधारमा राज्य र गैरराज्य पक्षबाट अधिकारहरूको अपहरण गरिएको छ ।

पुस्तक वात्स्यायनको राजनीतिक र सामाजिक विषयवस्तुमा आधारित भएर बनाइएका कार्टुनहरूको सँगालोका रूपमा देखा परेको छ । प्रजातन्त्रको भलेबल (पृ. ११), शाही आयोग (पृ. ८), रचनात्मक भूमिका (पृ. १९), लामो फड्को (पृ. ७४), राष्ट्रिय शिक्षा (पृ. ७७) र मरिसकेको संवैधानिक राजतन्त्र (पृ. ७४) पुस्तकमा समेटिएका राजनीतिक विषयवस्तुका केही उल्लेखनीय कार्टुनहरू हुन् । मरिसकेको संवैधानिक राजतन्त्रलाई नेपाली काङ्ग्रेसका नेता गिरिजाप्रसाद कोइरालाले कन्टेनरबाट उठाएर बोकेको देखाइएको चर्चित कार्टुनका सम्बन्धमा अजित बरालले आफ्नो लामो र सूचनाप्रद भूमिकामा पनि चर्चा गरेका छन् । उक्त कार्टुन राजाको सक्रिय शासन कालमा बनाइएको थियो । त्यो अधिनायकवादको समयमा त्यति सुस्पष्ट कार्टुन बनाएर वात्स्यायनले आफ्नो निर्भयताको थप परिचयसमेत पेश गरेका थिए । उनले एउटा कुशल र निर्भय कार्टुनिस्टले समाजको कुनै पनि विसङ्गतिलाई उदाङ्गो पार्छ भन्ने सन्देशसमेत त्यस कार्टुनमार्फत प्रसार गरेका थिए ।

'प्रजातन्त्रको भलेबल' मा गिरिजाप्रसाद, माधव नेपाल, शेरबहादुर देउवा, सूर्यबहादुर थापा आदिले खेल्दाखेल्दै बल दरबारभित्र हुत्याएको देखाइएको छ । 'रचनात्मक भूमिका' क्याप्सन लेखिएको कार्टुनमा एउटा आकृतिले सिंहदरबारलाई नारायणहिटी पुऱ्याउँदै गरेको देखाइएको छ । लोकतान्त्रिक नेताहरूको कमजोरी र दरबारको निरङ्कुशवादलाई कार्टुनहरूमा रेखा र शब्दहरूको समन्वयद्वारा सरल र सुस्पष्ट रूपमा दर्शाइएको छ ।

माओवादी र शाही शासनको चेपुवामा परेको प्रेसको अवस्थालाई दर्शाउन वात्स्यायनले ज्यादै कम अक्षरको प्रयोग गरेका छन् (पृ. ६५) । तर त्यो कार्टुनले २०६१ साल माघ १९ पछिको नेपाली प्रेसको अवस्थालाई छर्लङ्ग पारेको छ । एउटा अर्को कार्टुनमा स्कूलको एउटा कक्षाभित्र कम्ब्याटान्टहरूलाई देखाइएको छ । एकजना कम्ब्याटान्टको कुरा बेञ्चमा बसिरहेका अरू कम्ब्याटान्टहरू सुनिरहेका छन् । एउटी स्कूले छात्रा ढोका बाहिरबाट वाल्ल परेर हेरिरहेकी छ । यस कार्टुनमा स्कूलको बोर्डमा लेखिएको छ– "निम्न माध्यमिक विद्यालय लखनचौर" । कार्टुनमा अरू केही लेखिएको छैन । कुनै संवाद पनि छैन् । तर कार्टुन सुस्पष्ट र अत्यन्त सरल छ ।

बुम (पृ. ८८), सरकारी कार्यालय (पृ. ९३), उनी जेलमा थिएनन् सर (पृ. १०६), बिहेको जन्ती (पृ. १४७) आदि पुस्तकमा समेटिएका सामाजिक विषयवस्तुमा बनाइएका उल्लेखनीय कार्टुनहरू हुन् । यी कार्टुनहरूले समकालीन नेपाली समाजको सटिक चित्रण गरेका छन् ।

यीमध्ये कुनैमा सर्वव्यापी भ्रष्टाचारउपर व्यङ्ग्य गरिएको छ । जस्तो एउटा भीमकाय व्यक्ति तौल यन्त्रमा चढ्दा आवाज आउँछ– "बुम" र तौल यन्त्र नै विस्फोट हुन्छ । कुनैमा सरकारी कार्यालयको भद्रगोल अवस्थाको चित्रण गरिएको छ । एउटा कार्टुनमा इतिहासका कुनै राजाको शालिकलाई फलामे बारले घेरिएको देखाइएको छ । गाइड दुई पर्यटकलाई भन्दैछ, "उनी जेलमा थिएनन् सर । चोरीबाट जोगाउन हामीले जेलमा राख्या ।" त्यसै गरी पुस्तकमा समेटिएको एउटा अक्षरविहीन कार्टुनले नेपाली समाजमा रहेको दाइजोको प्रकोपप्रति कडा व्यङ्ग्य गरेको छ ।

वात्स्यायनले आलोचनाको तीर चलाउँदा पूर्वाग्रहलाई निकै हदसम्म त्यागेका छन् । उनले लोकतन्त्रप्रतिको अगाध आस्थालाई व्यापक रूपमा प्रकट गरेका छन् । तर उनी लोकतान्त्रिक आन्दोलनका अगुवाहरूको कमीकमजोरी वा अल्पदृष्टिप्रति कटाक्ष गर्न चुकेका छैनन् । एउटा कार्टुनमा एकजना दुब्लो पातलो अर्धनग्न पुरुष रुखमा बेस्कन बाँधिएका छन् । रुखमा एउटा बोर्ड टाँगिएको छ– 'नेपाल बन्द' । अत्यन्त कमजोर देखिने ती पुरुषका सामु दुवै घुडा टेकेर देब्रे हात उठाउँदै वरिष्ठ राजनीतिज्ञ माधव नेपाल भन्दैछन्, "ए ... ! मेरो आवाज सुन्न त सक्नुहुन्छ ? बन्द सफल गराउनु भएकोमा धन्यवाद है" (पृ. १२) ।

अर्को एउटा कार्टुनमा रातो कार्पेटमा हिँड्दै गरेको सैन्य बुटसहितको दुई खुट्टा देखाइएको छ । कार्पेट खोल्दै बाटो बनाउन तल्लीन देखिएका छन्– पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा । पर एकजना लोग्ने मान्छे एउटी स्वास्नी मान्छेसँग भन्दैछ, "देख्यौ ? सक्षम हुनलाई कति दुःख छ" (पृ. १३) । पुस्तकको सुरुआततिरकै पृष्ठमा छापिएको एउटा कार्टुनमा नेपाली काङ्ग्रेसका सभापति एवं वरिष्ठ राजनीतिज्ञ गिरिजाप्रसाद कोइरालाले उल्टोपट्टि फर्किएर घोडा दौडाइरहेको देखाइएको छ । त्यो प्रयत्नलाई इङ्गित गर्दै एउटा पाटीमा उल्लेख गरिएको छ– "भ्रष्टाचार एवं तस्करीविरुद्ध अभियान ।" बोधगम्यता र सरल शैलीका कारणसमेत यी केही कार्टुनहरू विशेष रूपमा उल्लेखनीय छन् ।

पुस्तकमा समेटिएको स्वर्गीय मनमोहन अधिकारीको एउटा कार्टुन भने कुनै बेला निकै विवादमा परेको थियो । कार्टुनमा अधिकारी भाँच्चिएको तरवार च्यापेर पार्टी कार्यालय लेखिएको ढोकातर्फ लाग्दै गरेको देखाइएको छ । ढोका भित्रबाट दुईजना व्यक्ति भन्दैछन्– "हेर्नुहोस् ! यसपटक पनि फेरि अर्को एउटा महत्त्वपूर्ण युद्ध जितेर आउनु भएछ ।" २०५० साल फागुन २९ गतेको *गोरखापत्र*मा प्रकाशित त्यस कार्टुनका कारण नेपाली काङ्ग्रेसको तत्कालीन सरकारका

सञ्चार राज्यमन्त्रीले संसदमा स्पष्टीकरण दिनु परेको थियो । त्यस कार्टुनले संसदमा ठूलो विवाद उत्पन्न गरेको थियो (अर्याल सन् २००१: ४४) ।

वात्स्यायनले आफ्नो कलम र कुचीको सहयोगमा निरङ्कुश पञ्चायती व्यवस्थासँग लडे । उनले सन् १९८० को दशकमा भएको जनमत सङ्ग्रहमा आफ्ना कार्टुनहरूलाई बहुदलीय व्यवस्थाको पक्षमा बोल्न लगाए । २०४६ सालअघि उनले तत्कालीन पञ्चायती व्यवस्थाले समाजमा थोपरेका विकृतिहरूलाई उदाङ्गो पारिरहे । अनि २०४६ सालपछि पनि उनी कुनै बखतका जनताका नेताहरूले सत्तामा पुगेपश्चात् देखाएको भ्रष्टाचार र विकृतिका नमूनाको पर्दाफास गर्न सक्रिय भइरहे । २०६१ माघ १९ पछिको राजाको अधिनायकवादी दुस्साहसको कालमा उनले आफ्नो सङ्घर्षलाई अझ तेज तुल्याए । उनले आफ्ना कार्टुनहरूमार्फत नेपालको राजनीतिक इतिहासका यी विविध कालखण्डमा सारा नेपालीलाई सचेत तुल्याउन छोडेका छैनन् । वस्तुतः उनका कार्टुनहरूमा नेपाली राजनीतिका यी उतारचढावको इतिहास समेटिएका छन् ।

अजितले आफ्नो भूमिकामा साँचो उल्लेख गरेका छन्, "उनका कार्टुनहरू सधैँ हास्य प्रकृतिका छन् । तिनीहरूले हाँसो मात्र उत्पन्न गर्दैनन्, बरु उनले उठाएको सवालमा पाठकलाई पढेको धेरै पछिसम्म सोच्न बाध्य पनि तुल्याउँछन् ।" पुस्तकमा समाहित दृश्य सामग्रीहरूले वास्तवमै हाम्रो सांस्कृतिक सन्दर्भमा हास्य र दीर्घकालसम्म असर रहने तीखो व्यङ्ग्यको असाधारण सम्मिश्रण प्रस्तुत गरेका छन् ।

पुस्तकले शीर्षकअनुसार २०४६ सालपछिको नेपालको तस्बिर प्रस्तुत गर्न खोजेको छ । पुस्तक २०६३ वैशाख ११ गते नेपाली राजनीतिको नयाँ कालखण्डको उदय भएपछि प्रकाशन हुन पुग्यो । तर यहाँनेर उल्लेखनीय कुरा के छ भने देशका सर्वाधिक सक्रिय कार्टुनिस्टका उल्लिखित कालखण्डमा बनाइएका कार्टुनहरू एउटै पुस्तकमा प्रस्तुत गर्न सजिलो छैन । पुस्तकमा त्यो अप्ठ्यारो झल्किएको पनि छ । २०४६ सालपछिका कार्टुनहरू भनिए पनि अधिकांश कार्टुनहरूले त्यो कालखण्डको पछिल्लो अवधिलाई प्रतिनिधित्व गरेका छन् । २०४६ सालपछिको सुरुआतको अवधिका कार्टुनलाई छनोटका क्रममा बेवास्ता गरिएको देखिन्छ ।

पुस्तकलाई राजनीतिक र सामाजिक गरी दुई खण्डमा विभाजन गरिएको छ । तर राजनीतिक कार्टुनको खण्डमा पहिलो कार्टुन छ– आतङ्ककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजायँ) अध्यादेश २०६१ सम्बन्धी । त्यसपछिको क्रममा पनि कोइराला-देउवा विवाद र अमेरिकाको 'आतङ्कवाद विरोधी युद्ध' सम्बन्धी कार्टुन परेका छन् । तसर्थ पुस्तकले २०४६ सालपछिको नेपाललाई शृङ्खलाबद्ध रूपमा

प्रस्तुत गर्नसकेको छैन । सङ्ग्रहको संरचनाका सम्बन्धमा ध्यान पुऱ्याइएको देखिँदैन । २०४६ सालपछिको नेपालको शीर्षकमा छापिएको पुस्तकमा नेपाली सन्दर्भसँग नजोडिएको बुस र लादेनको प्रसङ्गमा बनाइएको कार्टुन छानिनु हुँदैनथ्यो ।

२०४६ सालपछिको अहिलेसम्मको नेपाललाई सामान्यतः सुरुआत कालको प्रजातन्त्रको समय, राजा ज्ञानेन्द्रको उदयपछिको समय र राजा ज्ञानेन्द्रको सक्रियताको अन्त्यको समयमा विभाजन गर्न सकिन्छ । अर्को आयाममा २०४६ सालपछिको नेपाललाई हिंसात्मक द्वन्द्वअघि र पछिको समयमा पनि विभाजन गर्न सकिन्छ । पुस्तकमा २०४६ सालपछिको नेपालको खोजी यही आधारमा गर्नुपर्ने हुन्छ ।

त्यस दृष्टिकोणबाट हेर्दा पुस्तकको शीर्षकलाई न्याय गर्न अजितले केही थप कार्टुनहरू समेट्न सक्नुपर्थ्यो । बरु सर्वकालिक जस्ता लाग्ने केही सामाजिक विषयवस्तुमा आधारित कार्टुनहरू यो सङ्ग्रहमा नसमेटिएको भए पनि हुन्थ्यो । निश्चय पनि मनमोहन अधिकारी, शेरबहादुर देउवा, माधवकुमार नेपाल, सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्द र तुलसी गिरी २०४६ सालपछिको नेपालका विविध कालखण्डका राजनीतिक खेलाडीहरू हुन् । तर त्यसपछिको नेपालका कैयन खेलाडीहरू छनोटमा पर्नबाट वञ्चित भएका छन् ।

पुस्तकमा समेटिएको 'तपाईंहरूमध्ये को बाबु को छोरा' (पृ. ६३) ले तत्कालीन एमालेमा मदन भण्डारीको राजनीतिक प्रभाव देखाउन खोजेको छ । त्यस कार्टुनमा जवान भण्डारीले बुढा अधिकारीलाई बोकेका छन् । क्यामरा र झोला भिरेका पत्रकार सोध्दैछन्– "तपाईंहरू मध्ये बाउ कुन, छोरा कुन हँ ?" । त्यस कार्टुनको प्रस्तुतिमा कुनै नयाँपन छैन । खास अर्थ सम्प्रेषण गर्ने अभिप्रायका साथ मदन भण्डारीले मनमोहन अधिकारीलाई बोकेको देखाइएको छ । तर, त्यो प्रस्तुति आम मानिसलाई स्पर्श गर्ने प्रसङ्गबाट प्रेरित देखिँदैन । त्यस कार्टुनमा भण्डारी र अधिकारीको पार्टीको आलोचना गर्न प्रतिद्वन्द्वी राजनीतिक खेमाद्वारा उठाइने गरेको राजनीतिक नारालाई सृजनशीलताबेगर ठाउँ दिइएको छ । यसरी तुलनात्मक रूपले कमजोर त्यो कार्टुनबाहेक भण्डारी पुस्तकमा कतै अटाएका छैनन् ।

त्यसै गरी २०४६ सालपछिको नेपाल शीर्षकमा कृष्णप्रसाद भट्टराई, गणेशमान सिंहका एउटै कार्टुन नसमेटिनु पुस्तकको कमजोर पक्ष हो । वात्स्यायनको असाधारण दृष्टिमा त्यसपछिको नेपालका यी कोही पनि छुटेका छैनन् । तसर्थ पुस्तकले वात्स्यायनका २०४६ सालपछिको नेपालका कार्टुनहरूको अझ व्यापक छनोट गर्न सक्नुपर्थ्यो ।

आर्ट पेपरमा रङ्गीन कार्टुनहरू जस्ताको त्यस्तै छापिएकोले पुस्तक सुन्दर देखिएको छ । पुस्तकको साजसज्जा र छपाइ स्तरीय छ । छपाइ, मूल्य र भाषाका आधारमा यस पुस्तकको लक्ष्यित पाठक सहरीया बुद्धिजीवी वा नेपालबारे चासो राख्ने विदेशी हुन सक्छन् भन्ने अनुमान लगाउन सकिन्छ । तर पुस्तक विद्यालयदेखि विश्वविद्यालयसम्मका स्वदेशी/विदेशी विद्यार्थी एवं अध्येताहरूका निम्तिसमेत उपयोगी हुने देखिन्छ । कार्टुनहरूको यो सङ्ग्रह मनोरञ्जक मात्रै छैन, यसले नेपाली राजनीति र समाजको विश्लेषण गर्नसमेत सघाउ पुऱ्याउनसक्ने देखिन्छ । १ सय ४८ पृष्ठको वर्गाकार पुस्तकमा ९७ ओटा राजनीतिक र ८४ ओटा सामाजिक कार्टुनहरू समेटिएका छन् । सबै कार्टुनहरूमा वात्स्यायनको शिल्पगत विशेषता झल्किएका छन् । नेपाली चरित्र वा नेपालीपना, अर्थ झल्काउने हिसाबले गरिएको खासखास वस्तुको रेखाङ्कन र हास्यरसको जीवन्त प्रयोग– उनको कार्टुनका तीन उल्लेखनीय विशेषता हुन् (पाँडे सन् १९९७: ५१) ।

समग्रमा पुस्तकले २०४६ सालपछिको नेपालको जीवन्त राजनीतिक विवरण प्रस्तुत गरेको छ । *वात्स्यायन एण्ड हिज बार्ब्स* पटकपटक पल्टाउन मन लाग्ने एउटा सङ्ग्रहणीय पुस्तक हो भन्नेमा कसैको दुई मत हुन सक्दैन ।

## सन्दर्भ सामग्री

अर्याल, कुन्दन । २०५८ । *नेपाली प्रेसमा कार्टुन* । काठमाडौँ: नेपाल प्रेस इन्स्टिच्यूट ।

McLuhan, Marshal. 1994. *Understanding Media: The Extention of Man*. London: MIT Press.

Panday, Ram Kumar. 1997. *Nepalese Cartoons: A Portfolio of Cartoons of Nepal by Representative Cartoonists*. Kathmandu: Ratna Pustak Bhandar.

**कुन्दन अर्याल**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)